**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २८ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले देशको सुरक्षा सँग भारतले अब कुनै संझौता नगर्ने विश्वलाई अब स्पष्ट भैसकेको भन्नुभयो।
- नयाँ वर्षको आगमन सितै ओडिशामा भगवान जगन्नाथ अनि उहाको भाई.बहिनीको दर्शनका लागि पुरीको श्रीजगन्नाथ मंदिरमा श्रद्धालुहरुको भीड़ देखिन थालेको छ।
- बाघडुग्रामा तीन दिवसीय हाथी बन्धु मेला शुरू भएको छ जसको आयोजन खरसाङ वन प्रभागद्वारा स्वैच्छिक समूह जम्बोको सहयोगमा गरिन्दैछ।
- सिलगडीको ईस्टर्न बाईपास क्षेत्रमा लगातार भैरहेको सड़क दुर्घटनाहरुको विरोधमा आज भाजपाद्वारा सिलगडीको आसिघर मोड़मा सड़क जाम गरेर विरोध प्रदर्शन गरियो।
- खरसाङको वार्ड नम्बर १० बुध्द ग्राममा रहेको सुरभि परिवारको रजत जयन्तीको अवसरमा आज किड्स म्याराथनको आयोजना गरियो ।
- मौसम विभागले श्चिम बंगालको पार्वतीय क्षेत्र, पूर्वोत्तरसितै, पूर्वी मध्य प्रदेश, जम्मू, ओडिशामा भोलि बाक्लो कुहिरो लागिरहने सम्भावना व्यक्त गरेको छ।

**<u>प्रधानमन्त्री - मन की बात</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो यस वर्ष भारतले राष्ट्रिय सुरक्षा, खेलकुद र विज्ञानदेखि लिएर विश्वका ठूला मंचहरूसम्म सबैतिर बलियो छाप छोडेको छ। आकाशवाणीको मासीक मन की बात कार्यक्रममा प्रधानमन्त्रीले भन्नु भयो – वर्ष २०२५ ले धैरै यस्ता क्षणहरू प्रदान गऱ्यो जसले प्रत्येक भारतीयलाई गर्वको बोध गरायो। उहाँले भन्नु भयो- अपरेसन सिन्दूर प्रत्येक भारतीयको लागि गर्वको प्रतीक बनेको छ। श्री मोदीले भन्नु भयो विश्वले स्पष्ट रूपमा देखिसकेको छ कि भारतले अब आफ्नो सुरक्षामाथि कुनै सम्झौता गर्दैन।

*बाइट*

प्रधानमन्त्रीले वन्दे मातरम गीतको १५० औं वार्ष पुरा भएकोमा जनतामा जुन प्रकारको उत्साह र जोश देखियो त्यसको उहाँले प्रशंसा गर्नु भयो। प्रधानमन्त्रीले भन्नु भयो २०२५ वर्ष खेलकुदका लागि पनि अविस्मरणीय वर्ष रह्यो। कारण भारतीय पुरुष क्रिकेट टोलीले आईसीसी विश्व च्याम्पियन्स ट्रफी जित्यो। महिला क्रिकेट टोलीले पहिलो पटक विश्वकप क्रकिकेट जित्यो। भारतका छोरीहरूले दृष्टिविहीन टी २० क्रिकेट विश्वकप जितेर इतिहास रचे। प्रधानमन्त्रीले भन्नु भयो यस वर्ष भारतले विज्ञान र अन्तरिक्षमा पनि ठूलो प्रगति गरेको छ।

*बाइट*

श्री मोदीले भन्नुभयो- पर्यावरण सुरक्षा र संरक्षण साथै वन्य जीव-जन्तु संरक्षणसँग सम्बन्धित धैरै प्रयासहरू पनि वर्ष २०२५ को पहिचान बनेको छ। वर्षको सुरुमा प्रयागराज महाकुम्भले सम्पूर्ण विश्वलाई चकित पारेको थियो र वर्षको अन्त्यमा अयोध्यामा राम मन्दिर ध्वज फहराउने समारोहले प्रत्येक भारतीयलाई गौरवशाली तुल्याएको छ। प्रधानमन्त्रीले भन्नु भयो- आज विश्व ठूलो आशाका साथ भारतलाई हेरिरहेको छ र यसको सबैभन्दा ठूलो कारण बारतको टूलो युवा शक्ति हो। विज्ञान, नवप्रवर्तन र प्रविधिको विस्तारको क्षेत्रमा भारतको उपलब्धिहरूले विश्वलाई धैरै प्रभावित पारेको पनि उहाले बताउनु भयो।

प्रधानमन्त्रीले भन्नु भयो स्मार्ट इन्डिया ह्याकाथन कल्पनाहरूलाई व्यवहारमा परिणत गर्नका लागि अर्को अवसर हो। यस वर्षको ह्याकाथन यसै महिना सम्पन्न भयो। विद्यार्थीहरूले ८० भन्दा बढी सरकारी विभागहरूमा २७० भन्दा बढी समस्याहरूमाथि काम गरे। प्रधानमन्त्रीले जानकारी गराउँदै भन्नु भयो विकसित भारत युवा नेता संवादको दोस्रो चरण चाँडै आयोजित हुनेछ। उहाँले भन्नु भयो- राष्ट्रिय युवा दिवस आउने वर्ष 2026 को जनवरी १२ तारिखको दिन स्वामी विवेकानन्दको जन्मजयन्तीमा मनाइनेछ

र म स्वयं पनि त्यस दिन युवा नेता संवादमा भाग लिनेछु भनि प्रधानमंत्रीले बताउनु भयो। प्रधानमन्त्री मोदीले नयाँ कल्पना र नवीन विधिहरूद्वारा भारतीय संस्कृतिको जरासँग नयाँ पुस्ताले गहिरो रूपमा आफ्नो सम्बन्ध गाँस्न थालेकोमा खुशी व्यक्त गर्नु भयो। प्रधानमन्त्रीले प्रधानमन्त्री सूर्य घर नि:शुल्क बिजुली योजना मार्फत सरकारले प्रत्येक लाभार्थी परिवारलाई सौर्य प्यानल जडान गर्न ७५,००० देखि ८०,००० रुपियाँ प्रदान गरिरहेको जानकारी दिनु भयो।

श्री मोदीले भन्नु भयो कि देशमा तमिल भाषाको प्रवर्द्धन गर्न निरन्तर प्रयासहरू भइरहेका छन्। उहाँले थप भन्नु भयो कि केही दिन अघि मात्र मेरो संसदीय निर्वाचन क्षेत्र काशीमा चौथो काशी तमिल संगम आयोजना गरिएको थियो। तमिल सिक्नुहोस्-तमिल करकलाम भन्ने विषयमा वाराणसीका ५० भन्दा बढी विद्यालयहरूमा विशेष अभियानहरू पनि चलीरहेको छन्। प्रधानमन्त्रीले तमिल विश्वको सबैभन्दा पुरानो भाषा हो र तमिल साहित्य अत्यन्तै समृद्ध छ भन्नुभयो। उहाँले तमिल भाषामा बालबालिका र युवाहरूले देखाएको रुचिप्रति खुशी व्यक्त गर्नुभयो। प्रधानमन्त्रीले देशको ७७ औं गणतन्त्र दिवस अर्को महिना मनाइने उल्लेख गर्दै यो दिनले स्वतन्त्रता सेनानीहरू र संविधान निर्माताहरूप्रति जनताको हृदय कृतज्ञताले भरिदिन्छ भन्नु भयो।

अन्त्यमा प्रधानमन्त्रीले सबैलाई स्वस्थ रहन र फिट इन्डिया आन्दोलनमा भाग लिन अपील गर्नुभयो। उहाँले भन्नु भयो कि जाडो व्यायामको लागि आदर्श समय हो। प्रधानमन्त्रीले भारतीय चिकित्सा अनुसन्धान परिषद्को ICMR को एन्टिबायोटिक सम्बन्धी रिपोर्ट अर्थात प्रतिवेदनप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभयो। यस प्रतिवेदनमा निमोनिया र मूत्रमार्गको संक्रमण सहित धेरै रोगहरूमा एन्टिबायोटिकहरू अप्रभावी बन्दै गएको उल्लेख गरिएको छ। यसको एउटा प्रमुख कारण मानिसहरूद्वारा एन्टिबायोटिकको अन्धाधुन्ध प्रयोग हो। प्रधानमन्त्रीले डाक्टरसँग परामर्श गरेपछि मात्र एन्टिबायोटिक प्रयोग गर्नुपर्नेमाथि जोड दिनुभयो। प्रधानमन्त्रीले स्वदेशी उत्पादनहरूप्रति जनताको उत्साह अब देखिन थालेकोमा सन्तुष्टि व्यक्त गर्नु भयो। उहाँले भन्नु भयो कि मानिसहरूले अब स्वदेशी वस्तुहरूको खरीदमा निकै चासो दिइरहेका छन्। उहाँले भन्नु भयो - देश नयाँ आशा र नयाँ संकल्पका साथ २०२६ मा प्रवेश गर्न तयार छ। श्री मोदीले आशा व्यक्त गर्नु भयो कि आउने २०२६ साल विकसित भारतको लागि एउटा महत्वपूर्ण कोशेढुङ्गा सिद्ध हुनेछ। उहाँले २०२६ को लागि देशवासीलाई शुभकामना पनि दिनु भयो।

**<u>ओडिशा-जगन्नाथ मंदिर</u>**

नयाँ वर्षको आगमन सितै ओडिशामा भगवान जगन्नाथ अनि उहाको भाई–बहिनीको दर्शनका लागि पुरीको श्रीजगन्नाथ मंदिरमा श्रद्धालुहरुको भीड़ देखिन थालेको छ। आगामी ३१ दिसंबर अनि पाहिलो जनवरीको दिन भीड़ अझ बढ़ने संभावना छ। प्रशासनले श्रद्धालुहरुको निर्बाध आवाजाहीको लागि व्यापक प्रबंध गरेको छ।

**<u>उन्नयनेर पंचाली</u>**

तृणमूल कंग्रेसले आज सोशियल मीडियामा एउटा पोस्ट साझा गरेर दावा गर्दै भनेको छ, सम्पूर्ण पश्चिम बंगाल यस समय उन्नयनेर पंचालीको भावना गून्जी रहेको छ। पोस्ट अनुसार राज्यको कुना-कुनामा उन्नयनेर पंचाली ब्रोतो कथा कार्यक्रमहरूको आयोजन गरिन्दैछ जहा धेरै संख्यामा महिलाहरू एक साथ आइरहेको छ। पोस्टमा अझ भनिएको छ यस कार्यक्रमहरूको माध्यमबाट बंगालको महिलाहरू सामाजिक अनि राजनीतिक विभाजनहरूदेखि माथि उठेर एकजुट भइरहेको छ अनि विगत 15 वर्षहरूमा भएको कथित परिवर्तकारी विकासको कहानी साझा गरिरहेको छ। उन्नेयनेर पंचाली केवल एउटा अभियान होइन तर राज्यमा विकास अनि प्रगतिको यात्राको उत्सव हो जसमा महिलाहरूको भूमिका अहम रहेको छ।

**<u>कर सुधारमा- ऐतिहासिक रह्यो -2025</u>**

वर्ष 2025 आम जानताका लागि एउटा ऐतिहासिक वर्षको रूपमा याद राखिने छ। सरकार र उद्योग जगतले बढाएको चीजबीचको दाम हतपत घट्दैन। तर प्रधानमंत्री नरेन्द्र मोदीको ऐतिहासिक निर्णय -Next -Gen GST सुघारले आम मानिसहरूलाई बजटमा ठूलो राहत दिएको छ। यसले गर्दा विगत दिवालीमा मानिसहरूले रेकर्ड खरीददारी गरे। यसको लाभ पहाडमा पनि स्पष्ट देखिन्छ। पहाडका व्यवसायी अनि जनतालाई यसले कतिको लाभ पूर्याएको छ खरसांगकी एक व्यवसायी पायल अग्रवालले भन्नुहुन्छ –

*.........बाइट पायल अग्रवाल.........*

*(यो वर्ष २०२५ कर सम्बन्धित विषयमा एउटा यादगार वर्ष रहने छ। कारण विगत सितम्बर महिनामा दिपावली भन्दा ठीक अघि वस्तु तथा सेवा कर GST-मा ठूलो परिवर्तन गरी आम मानिसहरू तथा व्यवसायीहरूलाई ठूलो राहत प्रधानमंत्री नरेन्द्र मोदीको सरकारले प्रदान गर्यो। यसलाई सजिलो भाषामा Next-Gen GST भनिन्छ। यसमा कैयन खाद्य तथा औषधी, शिक्षा संबंधित बस्तुहरूमाथिको GST दर शुन्य पारियोभने कैयन आवश्यक वस्तुहरूमा करलाई १२% र १८% देखि घटाएर ५% अटोमोबाइल्स र इलेक्ट्रॉनिक माथिको २८% को दरलाई घटाएर १०%, जबकी धुम्रपान अनि विलाशीताका वस्तुहरूमाथिको करलाई बढाएर ४०% गरिएकोछ। यसले आज आम मानिसहरूको सामान किन्ने क्षमता बढेको छ र दोकानेहरूको ब्यापारमा बृद्धि भएकोछ। म एउटी दोकाने हूँ र मेरोमा आउने प्रायः ग्रहकहरू GST दर कटौती गरेकामा धेरै खुशी देखीन्छन्।)*

## हाथी बन्धु मेला

बाघडुग्रामा तीन दिवसीय हाथी बन्धु मेला शुरू भएको छ जसको आयोजन खरसाङ वन प्रभागद्वारा स्वैच्छिक समूह जम्बोको सहयोगमा गरिन्दैछ। मेलाको उद्घाटन डी.एफ.ओ-द्वारा बाघडुग्रा वन कार्यालय, रेन्जमा गरियो। हाथीसित सम्बन्धित गड़बड़ीदेखि प्रभावित विभिन्न क्षेत्रहरूको कृषकहरूले मेलामा स्टलहरूसित भाग लिए। यस आयोजनको उद्देश्य वन विभागसितको सम्बन्धलाई प्रोत्साहन दिन अनि मानिसहरू हाथीको अस्तित्व बारे जागरूकता बढ़ाउन रहेको छ। कार्यक्रमको अवधि १८ वन श्रमिकहरूलाई तिनीहरूको सराहनीय कार्यको निम्ति सम्मानित पनि गरियो। खरसाङ वन प्रभागको डी. एफ.ओ देवेश पाण्डेले भन्नुभयो, मेलाको उद्देश्य किसानहरूलाई धानको खेती, मत्स्य पालन, सब्जीको खेती अनि मौरी पालनको रूचीलाई प्रोत्साहन दिदै मानिसहरू हाथी संघर्षलाई रोक्ने प्रयास हो। यसको उद्देश्य हाथीहरूको बारेमा जागरूकता बढ़ाउन पनि हो किनभने गाउ बस्तीहरूको विकास भइरहेको छ साथै वन क्षेत्रमा कमी आइरहेको छ। यस वर्ष अहिलेसम्म हाथीहरूसित सम्बन्धित घटनाको कारण पाच मृत्यु भएको छ जो गत वर्ष तुलनामा आधा हो।

## बीजेपी बिरोध प्रदर्शन

सिलगडीको ईस्टर्न बाईपास क्षेत्रमा लगातार भैरहेको सड़क दुर्घटनाहरुको विरोधमा आज भाजपाद्वारा सिलगडीको आसिघर मोड़मा सड़क जाम गरेर विरोध प्रदर्शन गरियो जसको कारण केहि समयको लागि इलाकामा भारी जामको स्थिति बन्यो। उल्लेखनीय छ- ईस्टर्न बाईपासको बाणेश्वर मोड़ इलाकामा केहि महिना अघि एक दुखद सड़क दुर्घटनामा एक स्कूली छात्रको मृत्यु भएको थियो। त्येसको केहि दिन पछि आसिघर मोड़ क्षेत्रमा अझ एउटा भयानक सड़क दुर्घटना भयो जसमा दुई युवकहरुको मृत्यु भएको थियो। लगातार भैरहेको दुर्घटनाहरुलाई लिएर स्थानीय मानिसहरुमा प्रशासनको भूमिकालाई लिएर गहिरो आक्रोश छ।

## सिलगडी - चोरीको घटना

सिलगडीको व्यस्त हिल कार्ट रोड इलाकामा आभूषण दोकानमा चोरीको घटना प्रकाशमा आएको छ। शहरको प्रमुख मार्गमा स्थित बीपीएस ज्वेलर्समा अबेर राती चोरीको घटना भएको छ। आज बिहान दोकान खोल्दा चोरी भएको पत्तो लागे पछि पुलिसलाई सुचित गरियो। दोकान मालिकका अनुसार चोरले लगभग ३० किलो चांदी अनि १०० देखि २०० ग्राम सुन चोरेर लापत्ता भएका छन्। तथापी दोकान भित्र राखिएको लॉकरलाई काटने कोशिश गरेता पनि त्येस्म राखिएको सुन सम्म चोरहरु पुग्न सकेन। चोरहरुले चोरीको अवधि सबै सीसीटीवी कैमराहरु काटी दिए अनि डीवीआर बॉक्स पनि लिएर गए। पुलिस अधिकारिहरुले बताए अनुसार मामलाको गहन जांच गर्रिदैछ अनि आरोपितहरुलाई चाडै पक्रिने प्रयास गरिन्दैछ। साथै शहरको प्रमुख ज्वेलरी पसलको सुरक्षा व्यवस्था दह्रिलो गर्ने बिषय माथि पनि ध्यान दिईन्दै छ।

## सुरभि परिवार- रजत जयन्ती

खरसाङको वार्ड नम्बर १० बुध्द ग्राममा रहेको सुरभि परिवारको रजत जयन्तीको अवसरमा आज किड्स म्याराथनको आयोजना गरियो। सुरभि परिवार र जीटीएको सहयोगमा आयोजित यस कार्यक्रममा प्रमुख अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा उपस्थित रहेका थिए। बोइस र गर्ल्स गरेर चारवटा श्रेणीमा आयोजित यस म्याराथन खरसाङको मन्टिभियट खेल मैदानबाट शुरु गरिएको थियो। यस म्याराथनलाई जीटीए प्रमुख अनित थापाको विशेष उपस्थितिमा क्षेत्रीय सभासद श्याम शेर्पा, खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधान, सुरभि परिवारको सभापति रिता प्रधान आदिको बाहुलीबाट झण्डा देखाएर शुरु गरिएको थियो। म्याराथनमा सबै वर्गका बाल बालिकाहरुलाई प्रथम, दोस्रो र तेस्रो हुनेलाई क्रमैले ५ हजार, ३ हजार र २ हजार रुपियाँसहित मेडल, प्रमाण पत्र र टिसर्ट प्रदान गरिएको छ।

**मौसम**

बाक्लो कुहिरोको कारण देशको धेरै क्षेत्रहरूमा रेलगाड़ीको आवातजावत प्रभावित भएको छ। लगभग बीस रेलगाड़ीहरू चार घण्टाभन्दा अधिक ढिलो चलिरहेको छ। रेलवेले यात्रीहरूलाई सुझाव दिएको छ कि स्टेशन जान अघि रेलगाड़ीको वर्तमान स्थितिको जाच गरेर आफनो यात्राको गरून्। अर्कोतर्फ मौसम विभागले दिल्ली, हिमाचल प्रदेश, पंजाब, हरियाण, चण्डीगढ़ अनि उत्तर प्रदेशमा आगामी दुइ दिनसम्म बाक्लो कुहिरोको अनुमान व्यक्त गरेको छ। त्यसरी नै पश्चिम बंगालको पार्वतीय क्षेत्र, पूर्वोत्तरसितै, पूर्वी मध्य प्रदेश, जम्मू, ओडिशामा भोलि बाक्लो कुहिरो लाग्ने सम्भावना व्यक्त गरेको छ।

****** ० ******